आज मिति २०७७/०४/३२ गते बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहय बमोजिम रहयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री सरस्वती कवँर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १६ | श्री विमलादेवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | बिमला |
| १७ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | प्रभावती |
| १८ | श्री राम मनोरथ लोहार | दलित सदस्य | बुद्धभूमी न.पा. ६ | |

मिति: २०७७।०४।३२ गतेको बुद्धभूमी नगरकार्यपालिका बैठकको निर्णयहरु :

**प्रस्ताव नं. १ : क्वारेन्टाइन तथा आईसोलेसन व्यवस्थापन सम्बन्धमा ।**

निर्णय : कोभिड -१९ को महामारीलाई नियन्त्रण र न्यूनीकरण गर्नको लागि प्रत्येक वडाहरूमा क्वारेन्टाइनहरू निरन्तर सञ्चालन गर्दैजाने साथै नगरस्तरीय आइसोलेसन वार्ड मायोज होटल भाडामा सञ्चालन गर्दै आइरहेकोमा सर्वदलीय निर्णय समेतका आधारमा गौतमबुद्ध क्याम्पस वडहरामा सञ्चालन गर्नको लागि उक्त क्याम्पससमा जाने सडक, खानेपानी, बिजुली, तारवार, शौचालय, खटिया वेड लगायत सामाग्री शिघ्र व्यवस्थापन गरी सञ्चालन गर्ने गराउने र मायाज होटलको आइसोलेसनलाई Disnfected गराई मिति २०७७।०४।३२ गते देखि उक्त होटल सँग गरिएको सम्झौता अन्त्य गर्ने साथै, २०७७ असार मसान्त सम्मको क्वारेन्टाइन खर्च अनुगमन समितिबाट सिफारिस भै आएकोले भुक्तानी दिने व्यवस्था मिलाउन निर्णय गरियो ।

**प्रस्ताव नं. २ : नगर प्रहरी छनौट, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७७ सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिका क्षेत्रभित्र प्रचलित कानून तथा समय समयमा हुने निर्णय, नियम, मापदण्ड तथा प्रशासनिक आदेशहरूको कार्यान्वयनमा सहयोग र सहजीकरण गर्न सार्वजनिक तथा नीजि सम्पत्तिको सुरक्षा र संरक्षण गरी नगरपालिका भित्र कानूनको शासन स्थापित गर्दै नागरिकलाई न्याय, सुरक्षा तथा व्यवस्थाको प्रत्याभूति गर्न, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न, नगर क्षेत्रभित्रका प्राकृतिक तथा सांस्कृतिक साधन स्रोत र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न तथा जुनसुकै बेला आउन सक्ने विपद् अन्य आकस्मिक घटनाहरूको तत्काल सम्बोधन र समन्वय गरी नागरिकको जीउधनको सुरक्षा गर्दै नगरवासीलाई स्थानीय सरकारको अनुभूति प्रदान गर्नको लागि नगर प्रहरी छनौट, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले नेपालको संविधान धारा २२६ अनुसूची ८ ले दिएको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ र ११ बमोजिम भएको व्यवस्था प्रयोग गरी नगर कार्यपालिका बैठकबाट नगर प्रहरी छनौट सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ तयारी गरी लागू गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : संस्था दर्ता तथा नियमन सम्बन्धी कार्यविधि २०७७ सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिका क्षेत्रभित्र सामाजिक, धार्मिक, सांस्कृतिक, पर्यावरण, खेलकुद विकास वा परोपकारी संस्थाहरूको स्थापना तथा दर्ता गर्न साथै कानून बमोजिम दर्ता भएका संघ संस्थाहरूको नियमन गरी प्रभावकारी जवाफदेही र पारदर्शी बनाउँदै नगरपालिकाको समन्वय र सहकार्य गर्ने वातावरण बनाउन स्थानीय सरकार सञ्चालन कार्यविधि २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा ४(ठ) बमोजिम कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम नगर कार्यपालिका बैठकबाट संस्था दर्ता तथा नियमन सम्बन्धी कार्यविधि २०७७ तयार गरी लागू गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०७७ सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिका क्षेत्रभित्र बसोबास भएका घरधुरी परिवार समेटी एक परिवार एक सदस्यको अवधारणामा टोलका जनसमुदायहरू संगठित भई नगरको समग्र विकास कार्यमा सहभागिता, सहकार्य, सहयोग अभिवृद्धि गर्नका लागि वडा मातहत गठन तथा स्थापना भएका टोल विकास संस्थाहरूको भूमिकालाई थप

प्रमुख प्रशासकीय अधिकृत

सरोज कुमार सेठ
नगर प्रमुख

प्रभावकारी बनाउन तथा सही तरिकाले समन्वय व्यवस्थापन गर्न वाञ्छनीय भएकोले बुद्धभूमि नगरपालिकाको नगर कार्यपालिका बैठकबाट यो टोल विकास संस्थाको गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०७७ तयार गरी लागू गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : स्रोत व्यक्ति खेमराज पौडेलको शिघ्र स्वास्थ्य लाभ तथा उपचार खर्च सम्बन्धमा ।**

निर्णय : यस नगरपालिकमा कार्यरत स्रोत व्यक्ति खेमराज पौडेल कार्यालयको कामको शिलशिलामा मिति २०७७।४।०४ गते मोटरसाइकल दुर्घटनामा परी टाउकोमा गम्भीर चोट पटक लागि बुटवल चौराह अस्पतालमा उपचार गर्दागर्दै पुनः काठमाण्डौ मेडीसिटी अस्पताल भैसीपाटीमा थप उपचारको लागि रिफर गरेको हुँदा उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । साथै उहाँको उपचार खर्च बढी लाग्ने बुझिएकोले नेपाल सरकार शिक्षा विभाग/शिक्षा मन्त्रालयमा औषधी उपचार खर्च सहयोगको लागि आवश्यक कागजात सहित अनुरोध गरी पठाउने र स्रोतव्यक्ति खेमराज पौडेल उपचार कोष स्थापना गरी उक्त कोषमा नगरसभा सदस्य, कार्यपालिका सदस्य, नगर प्रमुख, नगर उपप्रमुखबाट कम्तीमा ७ (सात) दिन बराबरको मासिक सुविधाबाट कट्टा गरी जम्मा गरिदिने र नगर क्षेत्रभित्र कार्यरत सबै शिक्षक, कर्मचारी/निजामती, स्थानीय सेवा तथा स्वास्थ्यकर्मी लगायत शुभ चिन्तकहरूमा सहयोगको लागि नगर कार्यपालिका द्वारा आह्वान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : महालेखा परीक्षकको बार्षिक प्रतिवेदन सम्बन्धमा ।**

निर्णय : महालेखा परीक्षकबाट प्राप्त बार्षिक प्रतिवेदन -२०७७ सम्बन्धमा आवश्यक अध्ययन छलफलका लागि लेखा समितिमा पठाउने र सो को निष्कर्ष सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : घरभाडामा लगाउने सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिका मातहत वडा नं. १ पत्थरकोट बजारमा रहेको चारकोठा दुई तल्ले भवनको निर्माण कार्य सम्पन्न भएकोले उक्त भवन (घर) भाडामा लगाउन आवश्यक प्रक्रिया पुऱ्याई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : सुर्योदय सामुदायिक वन (वडा नं. १) को सम्बन्धमा ।**

निर्णय : सुर्योदय सामुदायिक वनले आफ्नो आम्दानी खर्च हिनामिना गरेको भन्ने अख्तियार दुरूपयोग अनुसन्धानमा दिएको उजुरीको बोधार्थ प्रति प्राप्त हुन आएकोले सो सम्बन्धमा के भएको हो आवश्यक छानविन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्न वडा नं. १ वडा कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ९: मत्स्य विकास अधिकृत माग सम्बन्धमा ।**

निर्णय : प्रदेश सरकारको बार्षिक बजेट आ.ब. २०७७।०७८ मार्फत कोभिड विशेष कृषि कार्यक्रम सञ्चालनका लागि च.नं. १७० मिति २०७७।४।२९ को पत्रबाट माग भएको मध्ये नगरपालिकालाई थप आर्थिक दायित्व नपर्ने गरी मत्स्य विकास अधिकृतका लागि माग गरि पठाउने ।

अ... पौडेल
प्रमुख प्रशासकीय अधिकृत

... कुमार ...
नगर प्रमुख

प्रस्ताव नं. १०: प्राविधिक सहायक पाँचौको सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धमा।

निर्णयः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय(प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.सं. २०७७।०७८ च.नं. PMEP/२३, मिति २०७७।४।१२ को प्राप्त पत्रानुसार प्राविधिक सहायक पाँचौ सरह करार पदपूर्तिका लागि युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६ बमोजिम पदपूर्ति प्रक्रियाको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ११: कार्यसम्पादन मूल्यांकन फाराम सम्बन्धमा।

निर्णयः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १२, मिति २०७७।४।१ को पत्रबाट कार्यसम्पादन मुल्यांकन फाराम पत्र साथ नमूना फाराम अनुमोदन गरियो।

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख